दूधखोला जलविद्युत् आयोजनालाई जुट्यो १० अर्ब रुपैयाँभन्दा बढी लगानी

काठमाडौं (अस)। माउण्टेन इनर्जी लिमिटेडले सहायक कम्पनी मार्फत निर्माण गर्न लागेको ६५ मेगावाटको दूधखोला जलविद्युत् आयोजनाको लागि लगानी जुटाउने काम सम्पन्न भएको छ। आयोजना प्रवर्द्धक कम्पनी दूधखोला हाइड्रोपावर कम्पनी प्रालि र बैंकहरूबीच वित्तीय व्यवस्थापन सम्बन्धी सम्झौता भएको हो।

एनएमबि बैंक र सानिमा बैंकसँग कम्पनीले कुल १० अर्ब १ करोड रुपैयाँ लगानी गर्ने सम्झौता गरेको हो। यस आयोजनामा लिड बैंकको रूपमा रहेको एनएमबि बैंकले ६ अर्ब ८१ करोड र सहायक बैंकको रूपमा रहेको सानिमा बैंकले ३ अर्ब २० करोड रुपैयाँ लगानी गर्ने भएको छ।

मनाङ जिल्लामा निर्माण हुने यस आयोजनाको कुल लागत १२ अर्ब ८९ करोड रुपैयाँ रहेको छ। प्रतिमेगाबाट लागत २० करोड रुपैयाँभन्दा पनि कम रहेकोले यस योजनालाई आकर्षक मानिएको छ। आयोजनामा एनएमबि बैंक र सानिमा बैंकबाट जुट्ने लगानी रकम बाहेक बाँकी रकम प्रवर्द्धक कम्पनीले लगानी गर्ने छ।

आयोजनाको वित्तीय व्यवस्थापन सम्पन्न भएसँगै तत्काल निर्माणको काम थाल्ने कम्पनीको तयारी छ। निर्माण थालेको ३ वर्षभित्रमा विद्युत् उत्पादन थालिसक्ने कम्पनीको लक्ष्य छ। माउण्टेन इनर्जीले निर्माण सम्पन्न गरेका ४२ मेगावाटको मिस्ट्रीखोला हाइड्रो र ५ मेगावाटको तांदीखोला हाइड्रो परियोजनाले हाल नियमित विद्युत् उत्पादन गरिरहेका छन्।

बजार

एनआईडीको विवरण अद्यावधिक गर्न एनआईसी एशिया बैंकको आग्रह

काठमाडौं (अस)। एनआईसी एशिया बैंकले आफ्ना ग्राहकलाई राष्ट्रिय परिचयपत्र (एनआईडी) को विवरण भए/नभएको स्वघोषणा गरी अद्यावधिक गर्न आग्रह गरेको छ।

नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाका लागि जारी गरेको एकीकृत निर्देशनमा भएको व्यवस्थाअनुसार बैंकका खातावालाले राष्ट्रिय परिचयपत्र भए वा नभएको विवरण स्वघोषणा गरी अद्यावधिक गर्नुपर्ने भएकाले बैंकले ग्राहकलाई यस्तो आग्रह गरेको हो।

बैंकले ग्राहकलाई २०८३ असोज मसान्तभित्र राष्ट्रिय परिचयपत्रसम्बन्धी विवरण अद्यावधिक गर्न अनुरोध गरेको छ।

बैंकका अनुसार ग्राहकले मोबाइल बैंकिङ एप 'मोबैंक'मार्फत सहजै विवरण अद्यावधिक गर्न सक्नेछन्। त्यसका लागि मोबैंकमा लगइन गरी बैंकिङ सर्भिसेस अन्तर्गत रहेको अपडेट एनआईडी विकल्प प्रयोग गर्न सकिनेछ।

त्यस्तै, बैंकको वेबसाइटमा उपलब्ध आईसर्भ सेवामार्फत पनि राष्ट्रिय परिचयपत्र भए/नभएको विवरण स्वघोषणा तथा अद्यावधिक गर्न सकिने बैंकले जनाएको छ।

विदेशमा बसोबास गरिरहेका नेपाली नागरिकले विदेशमै बसेर अनलाइनमार्फत राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचयपत्र नम्बरबाहेकका आवश्यक कागजातका आधारमा बैंक खाता खोल्न सक्ने व्यवस्था रहेको बैंकले जनाएको छ। यसरी खाता खोलेका ग्राहक नेपाल फर्किएको ३५ दिनभित्र राष्ट्रिय परिचयपत्रको विवरण अद्यावधिक गर्नुपर्ने बैंकले जनाएको छ।

सीताराम गोकुल मिल्क्सद्वारा नयाँ वेबसाइट र मोबाइल एपको घोषणा

दुग्ध उत्पादन अब डिजिटल माध्यमबाटै उपलब्ध हुने

काठमाडौं (अस) । दुग्ध उत्पादक कम्पनी सीताराम गोकुल मिल्क्स प्रालिले उपभोक्ताहरूलाई थप सहज र आधुनिक सेवा प्रदान गर्ने उद्देश्यले आफ्नो नयाँ आधिकारिक वेबसाइट (सीताराम दुध डट कम) औपचारिक रूपमा सञ्चालनमा ल्याएको छ । साथै कम्पनीले आगामी एक साताभित्रै एन्ड्रोइड तथा आईओएस दुवै

प्लेटफर्ममा उपलब्ध हुने गरी आफ्नै नयाँ मोबाइल एप पनि सार्वजनिक गर्ने घोषणा गरेको छ ।

सानेपास्थित कम्पनीको केन्द्रीय कार्यालयमा आयोजित एक विशेष कार्यक्रमका बीच प्रबन्ध निर्देशक सुमित केडियाको उपस्थितिमा उक्त डिजिटल प्लेटफर्मको शुभारम्भ गरिएको हो। कार्यक्रमलाई सम्बोधन गर्दै प्रबन्ध निर्देशक केडियाले भने, 'अहिले सार्वजनिक गरिएको नयाँ वेबसाइट र छिट्टै आउने मोबाइल एपले हाम्रा उपभोक्ताहरूलाई घरमै वसी-वसी शुद्ध दूध, घिउ, दही, पनिर, लस्सी, वटर तथा आइसक्रिम जस्ता उत्पादनहरूको जानकारी लिन र अनलाइन अर्डर गर्न सहज बनाउनेछ ।'

डिजिटल प्लेटफर्ममार्फत ग्राहकहरूले कम्पनीका सम्पूर्ण दुग्धजन्य उत्पादनहरू–जस्तै शुद्ध दूध, घिउ, सुगर-फ्री दही, पनिर, मोजारेला चिज, लस्सी, वटर र आइसक्रिमको विस्तृत विवरण, मूल्य र पोषणसम्बन्धी जानकारी लिन सक्नेछन् । साथै, ग्राहकहरूको सुविधाका लागि दैनिक वा नियमित उपभोगका सामाग्री खरीद गर्न 'सब्स्क्रिप्सन मोडल'को समेत व्यवस्था गरिएको छ ।

डिजिटल भुक्तानीलाई सुरक्षित र सहज बनाउन प्लेटफर्ममा ई-सेवा तथा खल्ती जस्ता लोकप्रिय डिजिटल वालेटहरू आबद्ध गरिएको छ । कम्पनीले आफ्ना गुणस्तरीय उत्पादनहरूलाई छिटो, सुरक्षित र प्रभावकारी ढंगले उपभोक्ताको घरदैलोसम्म पुऱ्याउने डिजिटल डेलिभरी प्रणालीलाई प्राथमिकतामा राखेको जनाएको छ ।

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

सूचना सार्वजनिक गर्ने निकायको नाम: नेपाल पुनर्बीमा कम्पनी लिमिटेड
विवरण अद्यावधिक: आ.व. २०८२/८३ चौथो त्रैमास

१. निकायको स्वरुप र प्रकृति:
कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई बीमा ऐन, २०७९ बमोजिम सञ्चालित नेपाल पुनर्बीमा कम्पनी लिमिटेड प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी आकस्मिक बीमा कोष सञ्चालन नियमावली, २०६० बनाई सोही नियमावलीको नियम ३ बमोजिम मिति २०६०/०६/३१ मा जोखिम समुहको पुनर्बीमा गर्नका लागि रू.१० करोडको बीज राशिबाट आकस्मिक बीमा कोषको रुपमा स्थापना भएको थियो। उक्त आकस्मिक बीमा कोषलाई नेपाल पुनर्बीमा कम्पनी लिमिटेडमा परिणत गर्न मन्त्रिपरिषद्को मिति २०७१/०४/२१ को निर्णयानुसार नेपाल पुनर्बीमा कम्पनी लिमिटेड कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७६/०७/२१ मा दर्ता भई नेपाल बीमा प्राधिकरणबाट मिति २०७१।०९।०४ मा पुनर्बीमकको इजाजत प्राप्त गरी विधिवत रूपमा स्थापना भएको नेपालको पहिलो पुनर्बीमा कम्पनी हो।

शेयर संरचना
- **नेपाल सरकार:** ४४.०३९ प्रतिशत
- **नेपाल सरकार बाहेकका संस्थागत लगानीकर्ता:** ३९.९६१ प्रतिशत
- **साधारण शेयरधनी:** १६ प्रतिशत

२. निकायको काम, कर्तव्य र अधिकार:
बीमा ऐन, २०७९ र बीमा नियमावली २०८१, कम्पनीको प्रबन्धपत्र एवं नियमावलीमा व्यवस्था भए बमोजिम नेपाल पुनर्बीमा कम्पनी लिमिटेडको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ :-
- प्रचलित कानूनको अधिनमा रही पुनर्बीमा व्यवसाय गर्ने,
- विभिन्न जोखिम समुहको बीमा, पुनर्बीमा तथा बीमा दावी भुक्तानी व्यवस्था मिलाउन गठन हुने बीमा पुलको स्थापना तथा व्यवस्थापन गर्ने,
- पुनर्बीमा तथा बीमा व्यवसायबाट प्राप्त हुन आउने पुनर्बीमा तथा बीमा शुल्कबाट सिर्जित बीमा कोषमा जम्मा हुने रकमलाई विभिन्न क्षेत्रमा लगानी गर्ने,
- स्वदेशी तथा विदेशी बीमकहरुले गरेको बीमा तथा पुनर्बीमा व्यवसायको आफूले ग्रहण गरेको बीमा तथा पुनर्बीमामा आफूले धारण गर्नेभन्दा बढी जोखिम रकम पुन: पुनर्बीमा (रेट्रोसेसन) गराउने,
- सम्बन्धित निकायको स्वीकृति लिई स्वदेशी तथा विदेशी पुनर्बीमा कम्पनीहरुसँग आवश्यकता अनुसार पुनर्बीमा ब्रोकरहरुको सेवा लिई वा सोझै संयुक्त रुपमा वा छुट्टाछुट्टै पुनर्बीमा गर्ने गराउने,
- आफूले ग्रहण गरेका पुनर्बीमा तथा बीमा व्यवसाय अन्तर्गत उत्पन्न भएका दावी एवं व्यवस्थापन गरेका बीमा कोष अन्तर्गत उत्पन्न हुने दावी भुक्तानी सम्बन्धी कार्य गर्ने,
- बीमकहरुले गरेको बीमा व्यवसाय अन्तर्गतको प्रत्यक्ष हिस्सा ग्रहण गर्ने,
- कम्पनीको उद्देश्य र काम, कर्तव्यलाई नियमित एवं व्यवस्थित गर्न प्रचलित कानूनको अधिनमा रही आवश्यक नियम, विनियम, निर्देशिका, दिग्दर्शन र कार्यविधि बनाई लागू गर्ने,
- कम्पनीको उद्देश्य परिपूर्तिको लागि प्रचलित कानूनको अधिनमा रही आवश्यक अन्य कार्य गर्ने गराउने,
- नियामक निकायले समय समयमा जारी गरेका निर्देशन पालना गर्ने ।

३. निकायमा रहेका कर्मचारीको विवरण:

क्र.सं.	मानव संसाधन	संख्या	क्र.सं.	मानव संसाधन	संख्या
१	स्थायी	४७	४	व्यवस्थापन प्रशिक्षार्थी	१
२	करार	१४	५	बार्षिक करार	१
३	सहायक प्रशिक्षार्थी	२			

४. निकायबाट प्रदान गरिने सेवा:
कम्पनीमा दिन सकने सम्पूर्ण सेवाहरु ।
- पुनर्बीमा अन्डरराइटिंग (Treaty, Direct session, Fac, Autofac)
- पुनर्बीमा दावी भुक्तानी
- Pool Management
- रेट्रोसेसन लगायतका पुनर्बीमा सम्बन्धी सम्पूर्ण सेवाहरु
- लगानी

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी:
यस कम्पनीको जिम्मेवार अधिकारीहरुको विवरण कम्पनीको वेबसाइट www.nepalre.com.np मा उपलब्ध छ। हालसम्म यस कम्पनीको कुनै पनि शाखा स्थापना भएको छैन।

६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि:

क्र.सं.	सेवा	लाग्ने दस्तुर	अवधि	कैफियत
१.	अन्डर राइटिंग	ट्यारिफ नभएमा बीमकर्सँगको सम्झौताका आधारमा निर्धारण हुने।	आवश्यक कागजात प्राप्त भएको २४ घण्टा भित्र	
२.	पुनर्बीमा दावी भुक्तानी	-	➢ जीवन बीमकको- १५ दिनभित्र ➢ निर्जीवन बीमकको - २१ दिनभित्र	

७. निर्णय गर्ने प्रक्रिया र अधिकार:
सम्बन्धित विभागबाट प्रक्रिया शुरु भई अख्तियारी सीमाको आधारमा अख्तियारीको सिमा बमोजिम विभागिय प्रमुख, सहायक प्रमुख कार्यकारी अधिकृत, प्रमुख कार्यकारी अधिकृत र विभिन्न समिति र सञ्चालक समितिमाको निर्णयबाट हुने। व्यवस्थापकीय प्रमुखका रुपमा प्रमुख कार्यकारी अधिकृत तथा नीतिगत निर्णयकर्ताको रुपमा सञ्चालक समिति रहेको छ।

८. निर्णय उपर उजुरी सुन्ने अधिकार:
उजुरीको प्रकृति अनुसार प्रमुख कार्यकारी अधिकृत र सञ्चालक समितिमा निर्णय उपर उजुरी सुन्ने अधिकार रहेको छ।

९. सम्पादन गरेको कामको विवरण:
कम्पनीले स्वदेशमा प्रत्यक्ष हिस्सा स्वीकार गरी जीवन र निर्जीवन बीमा तर्फ थप सम्झौता एवं ऐच्छिक पुनर्बीमा स्थानीय आवश्यकता अनुरुप पुनर्बीमा कारोबार गर्दै आएको र अन्तर्राष्ट्रिय स्तरमा एशिया तथा अफ्रिकी देशहरुमा पुनर्बीमा व्यवसाय गर्दै आएको छ।

१०. सूचना अधिकारी र प्रमुखको नाम र पद:
ग्राहकहरुलाई आवश्यक सूचना प्रदान गर्न तपशील बमोजिमका अधिकारीहरुलाई तोकिएको छ:

प्रमुखको नाम र पद:	सूचना अधिकारीको नाम र पद
नाम: दामोदर भण्डारी	नाम: दामोदर भण्डारी
पद: निमित्त प्रमुख कार्यकारी अधिकृत	पद: सहायक प्रमुख कार्यकारी अधिकृत

११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची:
देहाय बमोजिम ऐन, नियम, विनियम वा निर्देशिकाहरु पुनर्बीमा कार्यका लागि प्रमुख रुपमा रहेका छन्:-

क्र.सं.	ऐन, नियम, विनियम, दिग्दर्शन तथा निर्देशिकाहरू	कैफियत
१	बीमा ऐन, २०७९ तथा बीमा नियमावली, २०८१	
२	कम्पनी ऐन, २०६३ तथा कम्पनी निर्देशिका, २०७२	
३	आयकर ऐन, २०५८ तथा आयकर नियमावली, २०५९	
४	श्रम ऐन, २०७४ तथा श्रम नियमावली, २०७५	
५	बोनस ऐन, २०३० तथा बोनस नियमावली, २०३९	
६	सम्पत्ती शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण सम्बन्धी ऐन, २०६४ तथा सम्पत्ती शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३	
७	विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९	
८	धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा धितोपत्रदर्ता तथा निष्काशन नियमावली, २०७३	
९	सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४	
१०	पुनर्बीमा व्यवसाय (व्यवस्थापन तथा सञ्चालन) सम्बन्धी निर्देशिका, २०७६	
११	बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०८०	
१२	बीमकको लगानी सम्बन्धी निर्देशन, २०८२	
१३	सम्पत्ती शुद्धिकरण तथा आतङ्ककारी कार्य तथा आम विनाशकारी हातहतियार निर्माण वा विस्तारमा हुने वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन, २०८२	
१४	बीमा दावी भुक्तानी मार्गदर्शन , २०८१	
१५	बीमकको सूचना प्रविधि मार्गदर्शन, २०७६	
१६	बीमकको पुनर्बीमा निर्देशिका, २०८०	
१७	नेपाल बीमा प्राधिकरण तथा आतङ्ककारी कार्य तथा आम विनाशकारी हातहतियार निर्माण वा विस्तारमा हुने वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन, २०८२	

१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण:
कम्पनीको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी त्रैमासिक विवरणहरु राष्ट्रियस्तरको पत्रपत्रिकामा तथा वार्षिक विवरण, वार्षिक प्रतिवेदनमा प्रकाशित हुँदै आएको छ। साथै, उक्त विवरण कम्पनीको वेवसाइट www.nepalre.com.np मा उपलब्ध छ।

१३. तोकिए बमोजिमका अन्य विवरण: छैन ।

१४. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरण:
यस कम्पनीले बीमा तथा पुनर्बीमा सम्बन्धी आवश्यकता अनुसार विभिन्न तालिम तथा अन्तर्किया कार्यक्रम गर्दै आएको छ।

१५. सार्वजनिक निकायको वेभसाइट भए सोको विवरण: www.nepalre.com.np

१६. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण: तालिमगा पुनर्बीमा दलालबाट सहयोग प्राप्त भएको।

१७. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन: वार्षिक प्रतिवेदनहरुमा उल्लेख गरिएको छ।

१८. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि: नगरेको।

१९. सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी विवेदन र सो उपर सूचना दिएको विवरण: नभएको।

२०. सार्वजनिक निकायमा सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण: यस कम्पनीले नेपाल बीमा प्राधिकरणमा रिपोर्टिङ्ग गरेका विवरणहरु उक्त प्राधिकरणले विभिन्न प्रसत्रमा उल्लेख गरेको हुनसक्ने ।

नेपाल पुनर्बीमा कम्पनी लिमिटेड
(नेपाल सरकारको स्वामित्वमा स्थापित)
Nepal Reinsurance Co.Ltd. (Nepal Re.)
(An undertaking of Nepal Government)
बैमाको बीमा प्राधिकरणबाट इजाजत प्राप्त
बाग्मावती, काठमाडौं, नेपाल | फोन नं. ०१-५९०७७०१, ५९७०४०२
ईमेल: nepalre@ntc.net.np | वेभसाइट: www.nepalre.com.np

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आह्वानको १५ दिने सूचना

प्रकाशित मिति २०८३/०४/२६ गते आर्थिक अभियान दैनिक

यस विकास बैंकको शाखा कार्यालय असन, काठमाडौंबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई बेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक विदा परेमा सो लगतै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता नगै गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैंले सकार गर्दा समेत सावित्रमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैंले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैंले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मूल्याङ्कन गरी बैंक आफैंले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बांकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा थयर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा थी सम्पत्तिबाट समेत बांकी लेना रकम असुल उपर गरिने हुँदा यर्थाथरुप सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुन: अनुरोध गरिन्छ ।

बोलपत्र दर्ता गर्ने अन्तिम मिति — **बोलपत्र खोलिने मिति/समय**
२०८३/०५/०९ गते स्थान : शाखा कार्यालय असन, काठमाडौं — **२०८३/०५/११ गते, बिहीबार दिनको ३ बजे**

क्र.सं	ऋणीको नाम, ठेगाना
१.	**नाम : नाना कन्स्ट्रक्सन प्रा. लि.** नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय दर्ता नं. ६६१३३/०६६/०६७, दर्ता मिति :२०६६/०५/२८, पान नं. ३०३८१६९३९, दर्ता मिति :२०६६/०५/३० ठेगाना : धाडिङ जिल्ला, निलकण्ठ गा.वि.स. वडा नं. ५, बिचवजार, **संचालकहरु रमेश कुमार श्रेष्ठ र नारायण कुमार श्रेष्ठ**

जमानतकर्ताको विवरण

१. नाम : रमेश कुमार श्रेष्ठ	२. नाम : नारायण कुमार श्रेष्ठ
ना.प्र.नं. २६२८८९-०४४/०४६, जि.प्र.का. धाडिङ	ना.प्र.नं. ६००६, जि.प्र.का. धाडिङ
जारी मिति :२०४६/०३/२५	जारी मिति : २०४५/२/५
बाबुको नाम : गोविन्द बहादुर श्रेष्ठ	बाबुको नाम : इन्द्र बहादुर श्रेष्ठ
बाजेको नाम : डम्बर कुमार श्रेष्ठ	बाजेको नाम : मन नारायण श्रेष्ठ
ठेगाना : धाडिङ जिल्ला, नीलकण्ठ गा.वि.स. वडा नं. ५.	ठेगाना : धाडिङ जिल्ला, निलकण्ठ गा.वि.स. वडा नं. ५

धितोको विवरण

धनी ज्योति विकास बैंक भई ऋणी नाना कन्स्ट्रक्सन प्रा. लि. को नामभा यातायात व्यवस्था कार्यालय एकान्तकुना, ललितपुरमा दर्ता कायम रहेको वा ४ ख ५७१९ च्यासिस नं. MAT388116G1R16635, ईन्जीन नं. 61F63529386 भएको TATA MCV Tipper तथा वा ४ ख ५०६१ च्यासिस नं. MAT388116G1R23726, ईन्जीन नं. 61K63549303 भएको TATA MCV Tipper सवारी साधन थान २ ।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय :
का.म.न.पा. वडा नं ७, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-४१५७३०६/०४/०८/०९/७
शाखा कार्यालय : असन, काठमाडौं फोन नं ०१-४४३८९१
website: www.jbbl.com.np, Email:info@jbbl.com.np

धितोमा रहेको सम्पति लिलाम बिक्री गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय नक्सालको १२ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८३/०४/२६ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखित ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट गौखिक एवम् लिखित रूपमा पटक पटक तरतालेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्नै तर्फ कुनै तदात्मकता नदेखाएकोले **मिति २०८२ साल वैशाख महिना २३ गतेको "मध्यान्ह" राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखीत सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएका छ ।

तपसिलमा उल्लिखित धितोमा रहेको सम्पत्ती खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा यस बैंकको कुनै पनि शाखा कार्यालयमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्थामित्व बैंक आफैले सकार गरी लिन राजनीछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिँदा सावित्रमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीं कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल:

ऋणीको नाम र ठेगाना :

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्रा.लि.नं. ३४९३७/०६१/६२ कायम भई मिति २०६२/०३/०८ मा दर्ता भएको ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालिका वडा नं. १०, कानदेवतास्थान स्थित **रुगर्ट फूड एण्ड स्न्याक्स प्रा.लि. ।**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण :

१. भिम बहादुर बादे श्रेष्ठको नाति, धनदारा बादे श्रेष्ठको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, बनेपा नगरपालिका वडा नं. ४ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. १ बस्ने **किशोर बन्द्र बादे श्रेष्ठ ।**

२. चेत नाथ खरेलको नाति, केशब खरेलको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, खरेलथोक गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ९ बस्ने **नारायण खरेल ।**

३. गैंगाधर मैनालीको नाति, काशीनाथ मैनालीको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, गैंगलटार गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. १० बस्ने **बद्री भक्त मैनाली ।**

धितो सुरक्षणको विवरण :

धनी सानिमा बैंक लिमिटेड **(ऋणी रुगर्ट फूड एण्ड स्न्याक्स प्रा.लि.)** को नाममा यातायात व्यवस्था कार्यालय, ललितपुरमा दर्ता रहेका निम्न बमोजिमको सवारी साधन :

क्र.सं.	सवारी नम्बर	इन्जिन नम्बर	च्यासिस नम्बर	मोडल	बनेको साल
१	बा ५६ च ३००२	REVTRM01HTVP29427	MAT623251GFH28761	TATA Zest XT	२०१६

लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा बन्देजहरू :

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा शाखा कार्यालयबाट रू. ५००/– बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
३. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
४. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगते कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको ३.०० बजे प्रतिनिधिहरुको रोहबरमा प्राप्त बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
५. उल्लिखीत च